# कालिका नगरपालिकाको विनियोजन ऐन, २०७५

**प्रस्तावना :** कालिका नगरपालिका, चितवनको सेवा तथा कार्यहरु सञ्चालनका लागि सञ्चित कोषबाट केही रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम कालिका नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कालिका नगरपालिका, चितवनको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७५ साउन १ गते देखि प्रारम्भ भई आर्थिक वर्ष २०७५/०७६ को अवधिसम्म लागु हुनेछ ।

२. **आर्थिक बर्ष २०७५/७६ को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** (१) आर्थिक बर्ष २०७५/०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ५८,०६,९५, ८६२ रुपैयाँ (अन्ठाउन्न करोड छ लाख पन्चानब्बे हजार आठसय बैसठ्ठी ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक बर्ष २०७५/76 को निमित्त कालिका नगरपिलका, चितवनको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने शीर्षकबाट अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा बढी शीर्षकहरुमा सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूची १

(दफा २ सँग सम्बन्धीत)

सञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | नगर कार्यपालिका (वडा कार्यालय तथा विषयगत शाखाको समेत) | 301017 | 279678 | 0 | 580695 |
| ३ | | वडा समिति | | | | |
| ४ | | विषयगत शाखा | | | | |
| ५ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ६ | | लगानी (शेयर/ऋण) | | | | |